अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७५।०४।०६ गते

प्रेस विज्ञप्ति

विषय: आरोप-पत्र दायर गरिएको।

यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमति पत्र, बागमती, एकान्तकुना, ललितपुरबाट मिति २०७५ वैशाख ३, ९, १० र १९ गते सञ्चालन भएको F र G वर्गको सवारी चालक अनुमति पत्रको प्रयोगात्मक परीक्षा(Trial Exam) मा अनियमितता भएको तथा उल्लेखित मितिमा भएको प्रयोगात्मक परीक्षाहरुमा व्यापक अनियमितता गरी भ्रष्टाचार भएको आशंका गर्ने पर्याप्त आधार देखिएकोले तत् तत् मितिमा भएका प्रयोगात्मक परीक्षाको अनुसन्धान गरी प्रचलित कानून बमोजिम कारवाहीका लागि पठाईएको भन्ने समेत व्यहोराको यातायात व्यवस्था विभाग, मीनभवन, काठमाडौंको च.नं. ७४२८, मिति २०७५।०२।०३ गतेको पत्र उजुरीको विषय उपर विस्तृत अनुसन्धान भएकोमा मिति २०७५।१।३ गते, २०७५।१।४ गते, २०७५।१।१० गते र २०७५।१।१९ गतेको उल्लेखित G वर्ग थपको प्रयोगात्मक परीक्षाको नतिजा/परिणाम फेरबदल गरी नतिजा तयार गरी भ्रष्टाचार गरेको अभियोगमा प्रस्तुत मुद्धामा संलग्न देहायका १३ (तेह्र) जना प्रतिवादीहरुको हकमा देहाय बमोजिमको कसूरमा देहाय बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

सि.नं.	नाम थर	पद	कार्यालय	ऐन
१	श्याम के.सी	मेकानिकल इन्जिनियर (फरार)	यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, एकान्तकुना, बागमती	भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १३ बमोजिम कैद र जरिवाना सजाय हुद मागदावी ।
२	श्रीराम तिवारी	प्र.ना.नि	महानगरीय ट्राफिक प्रहरी महाशाखा, रामशाहपथ, काठमाण्डौ	"
३	विमल खरेल	प्र.ना.नि	"	"
४	गणेश खड्का	प्र.ज	"	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिम हुने सजायमा ऐ.ऐनको दफा २२ बमोजिम सजाय हुन मागदावी ।
५	गणेश कुमार प्रजापति	बिचौलिया (फरार)	-	"
६	श्यामकृष्ण श्रेष्ठ	बिचौलिया (फरार)	-	"

७	दिनेश श्रेष्ठ	बिचौलिया	-	"
८	सुरेन्द्र श्रेष्ठ	"	-	"
९	उद्धब बहादुर खत्री	"	-	"
१०	श्याम प्रसाद खनाल	"	-	"
११	बाबुकाजी महर्जन	"	-	"
१२	निमा लामा	"	-	"
१३	बद्रीमान मुस्याख्वा	"	-	"

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता